गेरुवा गाउँपालिका

**Geruwa Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of Rural Municipal Executive**

पशुपतिनगर-०५ बर्दिया

**Pashupatinagar-05 Bardiya**



# पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखा

## बार्षिक प्रगति प्रतिबेदन

## आ ब २०७९/०८०

गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya

प.स २०८०/०८१
च.न

लुम्बिनी प्रदेश ,नेपाल
Lumbini Province, Nepal

## शुभकामना

गेरुवा गाउँपालिका को पूर्वाधार बिकास तथा वातावरण ब्यवस्थापन शाखा द्वारा आर्थिक बर्ष २०७९/०८० मा सम्पन्न भएका कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिबेदनको रुपमा यो पुस्तिका प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु|

गेरुवा गाउँपालिका को समग्र बिकास गर्न गाउँपालिका भित्र भौतिक पूर्वाधारहरुको तिब्र बिकास गर्नुपर्ने आवश्यकता देखिन्छ | कम आयस्रोत भएको यस पालिकामा प्राप्त स्रोतहरुको अधिकतम उपयोग गरि प्रतिफल लिनुपर्ने देखिन्छ | यससंग सम्बन्धित कार्यसम्पादनका क्रममा अनुभव गरिएका उतार-चढावले आगामी दिनका लागि पृष्ठपोषणको काम गर्दछ | यसै सन्दर्भमा यसै बर्ष देखि बार्षिक रुपमा प्रगति प्रतिबेदन पुस्तिका प्रकाशन हुन लागेकोमा हर्षित हुनुको साथै आगामी दिनमा यथोचित विषयबस्तुलाई समेटेर थप परिष्कृत बनाउदै सरोकारवालाका जिज्ञासापूर्तिमा अरु फलदायी हुनसकोस् भन्ने अपेक्षा समेत राख्दछु | यस प्रकाशनले गेरुवा गाउँपालिकाको भौतिक पूर्वाधार निर्माणसंग सरोकार राख्ने व्यक्ति, संस्था, अध्ययन/अनुसन्धानकर्ता लगायत आम नागरिकमा आवश्यक सुचना प्रबाह गर्न सफल हुनेछ भन्ने मैले आशा लिएको छु |

अन्त्यमा, बार्षिक प्रतिबेदन प्रकाशनको क्रममा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान पुर्याउनु हुने सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा समेत आफ्नो जिम्मेवारीलाई चुस्त-दुरुस्त ढंगले वहन गर्न रास्ट्रसेवकहरुमा थप उर्जा तथा उत्प्रेरणा मिलोस् र यस्ता प्रकाशनहरु आगामी दिनहरुमा थप परिमार्जित हुदै सार्बभौम जनताको सुसूचित हुने नैसर्गिक अधिकारको प्रत्याभूति दिलाउन सकोस् भन्ने हार्दिक शुभकामना दिन चाहन्छु |

धर्म प्रकाश थारु
पूर्वाधार बिकास समिति संयोजक
गेरुवा गाउँपालिका

गेरुवा गाउँपालिका

Geruwa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

# Office of Rural Muncipal Executive

पशुपतिनगर, बर्दिया

Pashupatinagar, Bardiya

प.स २०८० /०८१

च.न

लुम्बिनी प्रदेश ,नेपाल

Lumbini Province, Nepal

## *शुभकामना*

गेरुवा गाउँपालिका को पूर्वाधार बिकास तथा वातावरण ब्यवस्थापन शाखा द्वारा आर्थिक बर्ष २०७९/०८० मा सम्पन्न भएका कार्यक्रमहरुको बार्षिक प्रगति प्रतिबेदनको प्रकाशन हुन लागेकोमा मलाई खुसि लागेको छ |

पूर्वाधार बिकास तथा वातावरण ब्यवस्थापन शाखाले पूर्वाधार बिकास र बातावरण ब्यवस्थापनको क्षेत्रमा हासिल गरेका उपलब्धिहरुको बारे आम नागरिक, सेवाग्राही एवं सरोकारवाला समेतलाई सुसूचित गराउन यो प्रगति प्रतिवेदन उपयोगी हुनेछ | जनताको सुचना पाउने हक समेतको प्रत्याभूति हुनेगरी यस पालिका र बिषयगत शाखाले गरेका कार्यको जानकारी उपलब्ध गराई पारदर्शिताको माध्यमबाट सुशासन कायम गर्नमा योगदान पुर्याउने प्रस्तुत प्रतिवेदनको उदेश्य रहेको हुदाँ यस प्रतिबेदनले देशभित्र र बाहिरका नागरिकहरु समक्ष्‌  आफ्ना क्रियाकलाप हरुको अध्यावधिक जानकारी गर्न सफल हुनेछ | गेरुवा गाउँपालिकाको वेब पेजमा समेत यो प्रतिबेदन हेर्न सकिने ब्यवस्थाले सुचना प्रवाह र पारदर्शिता कायम गर्न थप मद्दत पुग्नेछ भन्ने आशा राखेको छु |

अन्त्यमा,  गेरुवा गाउँपालिका अन्तर्गत संचालन गरिएका आयोजनाहरुको सफल कार्यन्वयनमा संलग्न सबै प्राबिधिक कर्मचारीहरु तथा प्रस्तुत प्रतिवेदन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न अन्य सम्पूर्ण सहकर्मी कर्मचारीहरु लगायत प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने जनप्रतिनिधि, नागरिक समाज, संघसस्था, बुद्दिजिबि, समाजसेबी र सम्पूर्ण गेरुवाबासीहरुलाई समेत धन्यवाद दिदै आगामी समयमा पनि उत्प्रेरित र जागरुक भई सेवा पुर्याउन आग्रह गर्न चाहन्छु |

बस बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत

गेरुवा गाउँपालिका

# बिषयसुची


**१. गेरुवा गाउँपालिका को परिचय**

१.१ परिचय
१.२ भौगोलिक अवस्थिति
१.३ गाउँपालिका को स्रोत नक्शा
१.४ कार्यकारी सारांश

**२. पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखाको सांगठनिक संरचना र कार्यबिबरण**

२.१ सडक, सिचाई र अन्य पूर्वाधार बिकास उपशाखा

२.२ भवन , नक्शा र अमिन उपशाखा

२.३. वडा स्तरीय प्राबिधिक फाट

२.४ बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखा

**३. पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखा संग सहकार्यमा कार्य हुने अन्य शाखाहरु**

३.१ रोजगार सेवा केन्द्र

**४. पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखाको स्वीकृत दरबन्दी विवरण**

**५. आ ब २०७९/०८० मा पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखा अन्तर्गत विनियोजित बजेट**

**६ . पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखाबाट आ ब २०७९/०८० मा भएको बार्षिक प्रगति बिबरण**

६ .१ सडक, सिचाई र अन्य पूर्वाधार बिकास उपशाखा

६.२ भवन , नक्शा र अमिन उपशाखा

६.३ बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखा

**७ . बिकास आयोजनाका समस्या र समाधानका उपायहरु**

**अनुसूची-१ पूर्वाधार बिकास शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण**

**अनुसूची-२ पूर्वाधार बिकास शाखाबाट गरिएका कार्यहरु तथा स्थलगत निरीक्षण अनुगमनका तस्विरहरू**

## १.१ गेरूवा गाउँपालिकाको परिचय:

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने बर्दिया जिल्लाको उत्तर पश्चिममा अवस्थित छ, गेरूवा गाउँपालिका। यस गाउँपालिकाको स्थापना वि.सं. २०७३/११/२७ गते भएको हो । साविकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स. हरू लाई एकीकृत गरी गेरूवा गाउँपालिकाको निर्माण गरिएको हो ।

कर्णाली नदीले निर्माण गरेको भवँरा वा राजापुर भनेर चिनिने टापुमा गेरूवा गाउँपालिका रहेको छ । यस पालिकाको पूर्वतर्फ बग्ने कर्णाली नदीको पूर्वी भंगालोको स्थानीय नाम गेरूवा नदी रहेको हुँदा यसै नदि बाट गाउँपालिकाको नामाकरण हुन गएको हो ।

## १.२ भौगोलिक अवस्थिति:

लुम्बिनी प्रदेशको पश्चिम सिमानामा रहेका स्थानीय तहहरू मध्ये गेरूवा गाउँपालिका एक हो ।

- पूर्व : कर्णाली(गेरूवा) नदि
- पश्चिम : कर्णाली नदि, कैलाली  जिल्ला, सुदुर पश्चिम प्रदेश
- उत्तर : कर्णाली नदि
- दक्षिण : राजापूर नगरपालिका

यस पालिकाको उत्तर, पूर्व रहेको कर्णाली नदी पारी बर्दिया राष्ट्रिय निकुञ्ज अवस्थित छ र गेरूवा गाउँपालिका बर्दिया रा.नि.को मध्यवर्ती क्षेत्र समेत हो ।गाउँपालिकाको कुल सिमा मध्ये ३६ कि.मि. कर्णाली नदि तटीय क्षेत्र सँग जोडिएको छ । गाउँपालिकाको कुल क्षेत्रफल ७८.४१ बर्ग कि.मि. रहेको छ जुन बर्दिया जिल्लाकै क्षेत्रफलका आधारमा सबै भन्दा सानो स्थानीय तह हो । विश्व मानचित्रमा यस पालिका २८° २४' १८.१७'' देखि २८° ३५' ३६.०४' उत्तरी अक्षांस सम्म र ८१° ८'  ५१'' देखि ८१° १५' १२' पूर्वी देशान्तरसम्म फैलिएको छ भने समुन्द्र सतह बाट १४५ मिटर देखि १८० मिटर सम्मको उचाइमा फैलिएको छ ।


गेरूवा गाउँपालिकाको कुल जनसंख्या ४०, ६५४ (गाउँ पार्श्वचित्र, २०७५ बमोजिम) मध्ये महिलाको जनसंख्या १९, ७९० र पुरूषको संख्या २०, ८६४ रहेको पाइएको छ । त्यसैगरी कुल घरधुरी संख्या ७००० रहेको यस पालिकामा मुख्यतया ६४ प्रतिशत आदिवासी थारू जाती र २७ प्रतिशत ब्राहमण-क्षेत्रीको बसोबास रहेको छ । कुल जनसंख्याको करिव ९८ प्रतिशत हिन्दु धर्मावलम्बी छन् भने मुख्य चाडपर्वमा दशैं, तिहार, माघी, तिज, अटवारी, होली मनाउने गरेको पाइन्छ ।

प्रशासनिक संरचना अन्तर्गत यस पालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ।

| समावेश भएका साविक गाविसहरू | साविक वडा नं. | कायम भएको वडा नं. | केन्द्र |
|---|---|---|---|
| पाताभार | १, ६-८ | १ | बगहीपूर |
| पाताभार | ३-५ | २ | पाताभार |
| पाताभार | २, ९ | ३ | शान्तिबजार |
| गोला | १-९ | ४ | गोला |
| पशुपतिनगर | १-९ | ५ | पथरैया |
| मनाउ | १-९ | ६ | मनाउ |

४ वटा स्वास्थ्य चौकी, २ आधारभूत स्वास्थ्य ईकाइ, १ ग्रामिण सामुदायिक स्वास्थ्य केन्द्र, १ आयुर्वेद औषधालय, १९ गाउँघर क्लिनिक, २४ वटा खोप क्लिनिकहरू संचालनमा रहेका छन् । त्यसैगरी यस पालिकामा सामुदायिक विधालय तर्फ मावि-५, आवि-२१, बाल विकास केन्द्र-५६ संचालनमा छन् भने संस्थागत तर्फ आवि-५ र मावि २ ले शैक्षिक सेवा उपलब्ध गराईरहेको अवस्था छ । यस पालिकामा ४-पशु सेवा केन्द्र र १-पशु स्वास्थ्य ल्याव तथा २ वटा कृषि सेवा केन्द्र संचालनमा रहेका छन् ।
प्राकृतिक शौन्दर्यले भरिपूर्ण यस पालिकाका इन्टेक-शहीद पार्क, कर्णाली, गेरूवा नदि, होमस्टेहरू, बाजपूर टापु पर्यटकीय सम्भावना युक्त स्थानहरू हुन ।
गेरूवा गाउँपालिकामा प्रमुख व्यापारिक केन्द्रहरू शान्तिबजार, खोल्टीबजार, विहानीबजार, पथरैया र प्रशेनीपूर रहेका छन ।
यस गाउँपालिकामा नेपाल टेलिकमको मोवाइल तथा ल्याण्डलाइन सेवा र Ncell को मोवाइल सेवा संचालनमा छन। गेरूवा गाउँपालिकाले सेवा प्रवाह गर्ने कार्यालयहरू, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधिमा आधारित सेवाको प्रारम्भ गरी विधुतीय शासनको अभ्यास गरिँदै आएको छ ।
यस गाउँपालिकामा खेलकुद अन्तर्गत विभिन्न स्थानमा खेलमैदान निर्माण गरी संचालनमा ल्याईएको छ भने महिला-पुरूष सहभागी हुने अध्यक्ष कप खेलकुद प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता वार्षिक रूपमा आयोजना हुने गरेको छ ।
यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । यस क्षेत्रको प्रमुख बालीहरूमा धान, गहुँ, मकै, दलहन, तेलहन तथा तरकारी रहेको छ । यस पालिकामा चैते धान समेत उत्पादन हुने गरेको छ ।

### १.३ गाउँपालिकाको स्रोत नक्सा



## १.४ कार्यकारी सारांश

गेरूवा गाउँपालिका, पशुपतिनगर, बर्दियाको आर्थिक वर्ष २०७९/८० को भौतिक पूर्वाधार तथा बातावरण ब्यवस्थापन शाखा को बजेट तथा कार्यक्रमको प्रगतिको सारांशगत विवरण देहाय बमोजिम रहेको छ:

१. आर्थिक वर्ष २०७९/८० को लागि गेरूवा गाउँपालिकाको भौतिक पूर्वाधार तर्फ कुल बजेट रू. २५ करोड १५ हजार ८६८ रूपैयाँ र बातावरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखा तर्फ रु १६ लाख ४६ हजार १५० रुपैया रहेको थियो ।

२. आर्थिक बर्ष २०७९/०८० मा बहुबर्षीय समेत गरि रु २६ करोड ५४ लाख १६ हजार ७५७ रुपैया ५१ पैसा को ठेक्का सार्बजनिक खरिद अनुगमन कार्यालय ले संचालन मा ल्याएको ***E-Bidding*** प्रणाली मार्फत गरिएको थियो| जसमा १८ वटा NCB र १३ वटा Sealed Quotation अन्तर्गत रहेका थिए|

३. आर्थिक बर्ष २०७९/०८० मा ठेक्का प्रकिया मार्फत ४७ वटा र उपभोक्ता समिति मार्फत १०४ वटा गरि जम्मा १५१ वटा योजना संचालन गरिएको थियो|

४ . निर्माण कार्यको गुरस्तर मापन को लागि चाहिने केहि सामाग्री हरु को खरिद प्रक्रिया समेत आ ब २०७९/८० देखि सुरुवात गरिएको थियो|

५ . आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेट मध्ये असार मसान्तसम्म भौतिक पुर्वाधार तर्फ रू. १९ करोड ७४ लाख ३२ हजार ४४१.८१ र बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन तर्फ रु १३ लाख ३६ हजार ५५० खर्च भएको छ । उक्त रकम विनियोजित बजेटको भौतिक पुर्वाधार तर्फ ७८.९६ र बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन तर्फ ८१.२ प्रतिशत हुन आउँछ ।


६ . नेपाल सरकार तथा प्रदेश सरकार बाट समपुरक अनुदान, सशर्त अनुदान र विषेश अनुदान वापत प्राप्त भएको रकम मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम सम्बन्धित खातामा फिर्ता गरिएको छ ।

७. आर्थिक बर्ष २०७९/०८० मा बिकास निर्माण तर्फ को प्रगतिको साराश देहाय बमोजिम रहेको छ|

| योजना को प्रकार | परिमाण | इकाई |
|---|---|---|
| विधालय भवन | ८ | वटा |
| सामुदायिक भवन, मन्दिर,प्रतिशालय,कभर्ड हल,शौचालय,ट्रस,गेट टहरा आदि | २५ | वटा |
| ग्राबेल बाटो निर्माण | १६.५५ | किमी |
| कालोपत्रे सडक निर्माण | ४.५८ | किमी |
| पक्कि कुलो,पन्फेकुवा आदि | ८६१.५ | मिटर |
| पक्कि कल्भर्ट | २८ | वटा |
| ह्युमपाईप् कल्भर्ट | ८३ | वटा |
| मेस वायर | ४.८३ | किमी |
| पक्कि वाल, पर्खाल | २९८ | मिटर |
| अन्य संरचना | १०२ | वटा |

## २. पूर्वाधार बिकास शाखाको सांगठनिक संरचना र कार्यबिबरण

पूर्वाधार बिकास शाखाको सांगठनिक संरचना




## २.१ सडक, सिचाई र अन्य पूर्वाधार बिकास उपशाखाको कार्यविवरण

- गाउपालिका स्तरीय सडक, सिचाई र अन्य पूर्वाधार योजनाको सर्बे,लागत अनुमान, कार्यन्वयन र अन्तिम मूल्यांकन गर्ने
- गाउपालिका र वडा स्तरीय सडक, सिचाई र अन्य पूर्वाधार योजनाको अनुगमन गर्ने
- बिभिन्न निकाय हरु ले सडक, सिचाई र अन्य पूर्वाधार संग सम्बन्धित माग गर्ने प्रतिबेदन तयार गर्ने
- बिभिन्न निकाय हरु संग  सडक, सिचाई र अन्य पूर्वाधार संग सम्बन्धित योजनाको बजेट माग गर्दा Estimate, Drawing, Design लगायत अन्य कागजातहरु तयार गर्ने
- E-Bidding को कार्य गर्ने
- निर्माण ब्यबसायी इजाजत सम्बन्धि कागजात रुजु गर्ने
- सडक यातायात गुरुयोजना लगायत सडक, सिचाई र अन्य पूर्वाधार संग सम्बन्धित ऐन कानुन हरुको कार्यन्वयन गर्ने
- शाखा प्रमुख ले तोकेको अन्य जिम्मेवारी पुरा गर्ने

## २.२ भवन , नक्शा र अमिन उपशाखाको कार्यविवरण

- गाउपालिका स्तरीय भवन संबन्धि योजनाको सर्बे,डीजाईन, नक्शा,लागत अनुमान, कार्यान्वयन र अन्तिम मुल्यांकन गर्ने
- गाउपालिका र वडा स्तरीय भवन सम्बधि योजनाको अनुगमन गर्ने
- नक्शा पास र अभिलेखीकरण को कार्य गर्ने
- अमिन सम्बधि कार्य गर्ने
- बिभिन्न निकाय हरु ले भवन सम्बधि माग गर्ने प्रतिबेदन तयार गर्ने
- बिभिन्न निकाय हरु संग भवन संग सम्बन्धित योजनाको बजेट माग गर्दा Estimate, Drawing, Design लगायत अन्य कागजातहरु तयार गर्ने
- Building Codes, Bylaws र भवन संग संबन्धित ऐन कानुनहरुको कार्यन्वयन गर्ने
- शाखा प्रमुख ले तोकेको अन्य जिम्मेवारी पुरा गर्ने

## २.३. वडा स्तरीय प्राबिधिक फाटको कार्यविवरण

- वडा स्तरीय भवन, सडक, सिचाई र अन्य पूर्वाधार संबन्धि योजनाको सर्बे,डीजाईन, नक्शा,लागत अनुमान, कार्यान्वयन र अन्तिम मुल्यांकन गर्ने
- वडा स्तरीय भवन, सडक, सिचाई र अन्य पूर्वाधार सम्बधि योजनाको अनुगमन गर्ने
- वडा स्तरीय योजनाको बिभिन्न प्रतिबेदन तयार गर्ने
- बिभिन्न निकाय हरु संग वडा स्तरीय भवन, सडक, सिचाई र अन्य पूर्वाधार संग सम्बन्धित योजनाको बजेट माग गर्दा Estimate, Drawing, Design लगायत अन्य कागजातहरु तयार गर्ने
- रोजगार सेवा केन्द अन्तर्गत वडा भित्र का योजना हरुको कार्यान्वयन मा सहजीकरण गर्ने
- वडा अन्तर्गत बिकास निर्माण संग सम्बन्धित सम्पूर्ण कार्य गर्ने
- शाखा प्रमुख ले तोकेको अन्य जिम्मेवारी पुरा गर्ने

## २.४ बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखाको कार्यबिबरण

यस उप शाखाले देहायका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु⁄गराउनु पर्नेछ :

- स्थानीय सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- गाउाको जलश्रोत, खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिक योजना तर्जुमामा आवश्यक पहल,
- सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन,
- स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय,
- वातावरण तथा फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई, बजार तथा ढल व्यवस्थापन, खानेपानीका मुहान संरक्षण सम्बन्धी योजना तर्जुमा ,
- खानेपानी तथा सरसफाई सम्बन्धी न.पा.ले प्रत्यायोजन गरेका अन्य कार्य,
- खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- ढुËा, गिटी, बालुवा, माटो, नुन, स्लेट, खरीढुËा, फायरक्लेजस्ता खानीजन्य वस्तु सर्वेक्षण, अन्वेषण, उत्खनन्,
- ढुËा, गिट्टी, बालुवा, माटो, खरीढुËा, फायर क्ले, स्लेट तथा नुन, आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन

## ३. पूर्वाधार बिकास शाखा संग सहकार्य मा कार्य हुने अन्य शाखा हरु

### ३.१ रोजगार सेवा केन्द्र

- गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,
- गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा,
- गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,
- गरिबी निवारण सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
- रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
- स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,
- पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
- संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,
- सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन,

## ४. पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखाको स्वीकृत दरबन्दी विवरण

| सि न | पद | तह/श्रेणी | सेवा | समूह | उपसमूह | खुद कायम हुने दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | शाखा प्रमुख इन्जिनियर | अधिकृत सातौ /छैठो | इन्जिनियरिंग | सिभिल | | १ |
| २ | उपशाखा प्रमुख इन्जिनियर (भवन तथा बस्ति बिकास उपशाखा ) | अधिकृत सातौ /छैठो | इन्जिनियरिंग | सिभिल / बिल्डिंग एण्ड आर्कीटेक | | १ |
| ३ | वडा प्राबिधिक | सब इन्जिनियर (पाचौ) | इन्जिनियरिंग | सिभिल | | ३ |
| ४ | वडा प्राबिधिक | असिस्टेन्ट सब इन्जिनियर (चौथो) | इन्जिनियरिंग | सिभिल | | ३ |
| ५ | सडक तथा पूर्वाधार बिकास उपाशाखा प्राबिधिक | सब इन्जिनियर (पाचौ ) | इन्जिनियरिंग | सिभिल | | १ |
| ६ | भवन तथा बस्ति बिकास उपाशाखा प्राबिधिक | असिस्टेन्ट सब इन्जिनियर (चौथो) | इन्जिनियरिंग | सिभिल | | १ |
| ७ | अमिन | सहायक चौथो/पाचौ | इन्जिनियरिंग | सर्बे | | २ |
| ८ | खा पा स टे | चौथो/पाचौ | इन्जिनियरिंग | सिभिल | स्यानिटरी | १ |
| ९ | सरसफाई बातावरण निरीक्षक | सहायक पाचौ | बाताबरण | | | १ |
| कुल दरबन्दी | | | १४ | | | |

## ५.  आ ब २०७९/०८० मा पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखा अन्तर्गत विनियोजित बजेट

५.१ आ ब २०७९/०८० मा पूर्वाधार बिकास शाखा अन्तर्गतका बिकास आयोजना तर्फ २५ करोड १५ हजार ८६८ रुपैया बजेट निम्न अनुसार विनियोजन भएको देखिन्छ|

| क्र स | शिर्षक | विनियोजित बजेट |
|---|---|---|
| १ | गेरुवा गाउपालिका पूर्वाधार | ८,४७,७७,००० |
| २ | गेरुवा गाउपालिका क्रमागत | ४,२९,५६,००० |
| ३ | समपुरक म्याचिंग | ५,६१,७१,२१३ |
| ४ | वडा न १ | २७,००,००० |
| ५ | वडा न २ | २३,००,६५५ |
| ६ | वडा न ३ | २२,००,००० |
| ७ | वडा न ४ | २५,००,००० |
| ८ | वडा न ५ | २९,००,००० |
| ९ | वडा न ६ | २८,१५,००० |
| १० | संघीय सरकार विशेष अनुदान | ५०,००,००० |
| ११ | संघीय सरकार सशर्त अनुदान | ८०,००,००० |
| १२ | प्रदेश सरकार विशेष अनुदान | ६०,००,००० |
| १३ | प्रदेश सरकार सशर्त अनुदान | ८०,००,००० |
| १४ | रास्ट्रपति शैक्षिक सुधार कार्यक्रम | १,१२,५०,००० |
| १५ | तराई मधेस सम्वृद्धि कार्यक्रम | ६०,००,००० |
| १६ | सडक बोर्ड नेपाल | १६,००,००० |
| १७ | रोजगार सेवा केन्द्र तर्फ | ४८,४६,००० |
| **जम्मा बजेट** | | **२५,००,१५,८६८** |

५.२ आ ब २०७९/०८० मा बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखा तर्फ १६ लाख ४६ हजार १५० रुपैया बजेट निम्न अनुसार विनियोजन भएको देखिन्छ|

| | | |
|---|---|---|
| १ | Monsoon preparedness and response plan formulation workshop | ९८,३५० |
| २ | Strengthen cluster coordination mechanism: Municipality level | ४९,७०० |
| ३ | Strengthen disaster information management (DMIS) system – palika members travel cost | १,००,००० |
| ४ | Development of SOP (one pager) - flood prepardness | ८,००० |
| ५ | Preparation of Disaster Management Fund mobilization guideline | ५,००० |
| ६ | Training on IRA To IMO, LDMC Members | १,८१,८०० |
| ७ | Preparation of communication channel and dessimination | १३,००० |
| ८ | Establishment and operation of Local Emergency Operation Center (LEOC) | ४५,००० |
| ९ | Refresher drill/simulation on floods in coordination with DDMC/NRCS- 2 events | ९८,००० |
| १० | Capacity building and mobilization of Burger (Chaudhary, Burger and Chaukidars) on flood preparedness--total 59 persons in 2 events | ६९,४०० |
| ११ | Child clubs capacity building and mobilization on flood preparedness (6 ward level clubs + 1 Palika level network) | १,३७,९०० |
| १२ | Provision of WASH facilities (repair, maintenance and upgrading) in identified Shelters - Municpality to prevent spread of COVID cases | ६,४०,००० |
| १३ | Programme Management & support (representation, planning, coordination, logistics, admin, finance) | २,००,००० |
| | **जम्मा बजेट** | **१६,४६,१५०** |

## ६ . पूर्वाधार बिकास तथा बातावरण ब्यवस्थापन शाखाबाट आ ब २०७९/०८० मा भएको बार्षिक प्रगति बिबरण

आर्थिक बर्ष २०७९/०८० को पूर्वाधार बिकास तर्फ को भौतिक र वितिय सारांश प्रगति विवरण

| बिबरण | प्रतिशत |
|---|---|
| भौतिक प्रगति | ७८.९६ % |
| वितिय प्रगति | ६५.८२ % |

आर्थिक बर्ष २०७९/०८० को बाताबरण, सरसफाई तथा विपद ब्यवस्थापन उपशाखा तर्फ को भौतिक र वितिय सारांश प्रगति विवरण

| बिबरण | प्रतिशत |
|---|---|
| भौतिक प्रगति | ८१.२ % |
| वितिय प्रगति | ८१.२ % |

## ६.१ सडक, सिचाई र अन्य पूर्वाधार बिकास उपशाखा

### ६.१.१. आर्थिक बर्ष २०७९/०८० मा सडक तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक भौतिक प्रगति प्रतिशत | बार्षिक वितिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माटे सडक निर्माण, कि मि | ११ कि मि | १०.९४१ किमि | ९९.४६% | १०० | |
| २ | ग्राबेल स्तरको सडक निर्माण , कि मि | १७ कि मि | १६.५५ किमि | ९७.३५% | ९८% | |
| ३ | कालोपत्रे स्तर को सडक निर्माण , कि मि | ५.५ कि मि | ४.५८ किमि | ८३.२७% | ८५% | बहुबर्षीय योजना , कालोपत्रे नभएको तर अधिकाश योजनाको Structure, माटो पटानि र केहीको Base सम्म को कार्य भएको |
| ४ | सडक मर्मत, कि मि | १.३५ किमी | १.३४४ किमि | ९९.५५% | ९९.५% | |

### ६ .१.२ . आर्थिक बर्ष २०७९/०८० मा पुल/कल्बर्ट तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक भौतिक प्रगति प्रतिशत | बार्षिक वितिय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हुम्पाईप् कल्बर्ट निर्माण, संख्या | ९० वटा | ८३ वटा | ९२.२% | ९३% | |
| २ | पक्कि कल्बर्ट/पुल निर्माण, संख्या | ३५ वटा | ३० वटा | ८५.७१% | ८६% | |

### ६ .१.३ . आर्थिक बर्ष २०७९/०८० मा सिचाई तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक भौतिक प्रगति प्रतिशत | बार्षिक वितिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | रेटीनिंग वाल / पर्खाल निर्माण, मिटर | ३२३ मिटर | २९८ मिटर | ९२.२६% | ९३% |
| २ | पक्कि कुलो/नाला , मिटर | १०३९ मिटर | ८६१ मिटर | ८२.८६% | ८३% |
| ३ | क्यानल आउटलेट आदि | ३९ मिटर | २० मिटर | ५१.२% | ५५% |

### ६ .१.४ . आर्थिक बर्ष २०७९/०८० मा अन्य संरचना निर्माण तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक भौतिक प्रगति प्रतिशत | बार्षिक वितिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | तटबन्द, तारजाली, मेस बायर | ६ किमी | ४.८९ किमी | ८१.५% | ८२% |
| २ | अन्य संरचना | ३५ वटा | ३५ वटा | १००% | १००% |
| ३ | | | | | |

## ६ .२ भवन , नक्शा र अमिन उपशाखा

### ६ .२.१ आर्थिक बर्ष २०७९/०८० मा भवन निर्माण तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक भौतिक प्रगति प्रतिशत | बार्षिक वितिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कार्यालय भवन , संख्या | ० | - | - | - |
| २ | अस्पताल/स्वास्थ्य चौकी/बर्थिंग भवन , संख्या | ० | - | - | - |
| ३ | बिद्यालय भवन , संख्या | ८ वटा | ८ वटा | ९४% | ९५% |
| ४ | सामूहिक/सामुदायिक/अन्य भवन , संख्या | २३ वटा | २३ वटा | ९७% | ९८% |

### ६ .२.२ आर्थिक बर्ष २०७९/०८० मा नक्शा फाट तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नक्शा पास भवन, संख्या | २० वटा | २ वटा | १०% | एकदम न्यून रहेको |
| २ | नक्शा अभिलेखीकरण भवन, संख्या | १०० वटा | ११ वटा | ११% | एकदम न्यून रहेको |

### ६ .२.३ आर्थिक बर्ष २०७९/०८० मा अमिन फाट तर्फ लक्ष्य र प्रगति

| सिन | बिबरण | बार्षिक लक्ष्य | बार्षिक प्रगति | बार्षिक प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा नापजाच , संख्या | ५० वटा | ४१ वटा | ८२% | |

## ६.३ बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखा

| क्र.सं | स्वीकृत भएका कार्यक्रमहरुको विवरण | गाउँपालिका / वडाहरु | कार्यक्रमको बजेट रकम रु | खर्च भएको रकम | बाँकी रकम | लाभग्राही संख्या | कार्यान्वयन को अवस्था | प्रगति ( प्रतिशतमा ) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भौतिक | वित्तिय | जम्मा |
| १ | Monsoon preparedness and response plan formulation workshop | गाउँपालिका | ९८३५० | ९८३५० | ० | ४५ | सम्पन्न | १०० | १०० | १००.०० |
| २ | Strengthen cluster coordination mechanism: Municipality level | गाउँपालिका | ४९७०० | ४९७०० | ० | ५० | सम्पन्न | १०० | १०० | १००.०० |
| ३ | Strengthen disaster information management (DMIS) system – palika members travel cost | गाउँपालिका | १००००० | १००००० | ० | ३५ | सम्पन्न | १०० | १०० | १००.०० |
| ४ | Development of SOP (one pager) - flood prepardness | गाउँपालिका | ८००० | ८००० | ० | १५ | सम्पन्न | १०० | १०० | १००.०० |
| ५ | Preparation of Disaster Management Fund mobilization guideline | गाउँपालिका | ५००० | ५००० | ० | १५ | सम्पन्न | १०० | १०० | १००.०० |
| ६ | Training on IRA To IMO, LDMC Members | गाउँपालिका | २ ओटा Event १८१८०० | ९०९०० | ९०९०० | ४० | १ ओटा event मात्र सम्पन्न | ५० | ५० | ५०.०० |
| ७ | Preparation of communication channel and dessimination | गाउँपालिका | १३००० | १३००० | ० | १५ | सम्पन्न | १०० | १०० | १००.०० |
| ८ | Establishment and operation of Local Emergency Operation Center (LEOC) | गाउँपालिका | फर्निचर र LEOC को लागी सामान खरिद ४५००० | ३०००० | १५००० | | फर्निचर खरिद भयो रLEOC को सामान खरिद नभएको | ८५ | ८५ | ८५.०० |
| ९ | Refresher drill/simulation on floods in coordination with DDMC/NRCS- 2 events | वडा नम्बर ३ | २ ओटा Event ९८००० | ४९००० | ४९००० | १०० | १ ओटा event मात्र सम्पन्न | ५० | ५० | ५०.०० |
| १० | Capacity building and mobilization of Burger (Chaudhary, Burger and Chaukidars) on flood preparedness--total 59 persons in 2 events | गाउँपालिका | २ ओटा Event ६९४०० | ३४७०० | ३४७०० | ३२ | १ ओटा event मात्र सम्पन्न | ५० | ५० | ५०.०० |
| ११ | Child clubs capacity building and mobilization on flood preparedness (6 ward level clubs + 1 Palika level network) | वडा र पालिका | १३७९०० | १३७९०० | ० | २५ | सम्पन्न | १०० | १०० | १००.०० |
| १२ | Provision of WASH facilities (repair, maintenance and upgrading) in identified Shelters - Municpality to prevent spread of COVID cases | वडा नंम्बर ६ ४ र ५ | ६४०००० | ६४०००० | ० | ८ ओटा sheleter housse मर्मत | सम्पन्न | १०० | १०० | १००.०० |
| १३ | Programme Management & support (representation, planning, coordination, logistics, admin, finance) | गाउँपालिका | २००००० | ८०००० | १२०००० | | | ४५ | ४५ | ४५.०० |
| | जम्मा | | १६४६१५० | १३३६५५० | ३०९६०० | | | | | |

## ७ .    बिकास आयोजनाका  समस्या  र समाधानका उपायहरु

बिकास आयोजनामा ढिलासुस्ती हुनु का केहि कारणहरु र समाधान गर्नुपर्ने कुराहरु निम्न अनुसार रहेका छन्

१. खरिद ऐन ले Contract administration लाई मात्र ब्यबस्थापन गर्नु पर्ने मा Construction Management लाई समेत समेट्नुपर्ने बाध्यता रहेको | Contract administration र Construction Management बिचको भिन्नता छुट्टाउन नसक्नु नै Fundamental Defect हो
२. EPC, Turnkey जस्ता खरिद विधिको प्रयोगको लागि पर्याप्त व्यवस्था नहुनु
३. खरिद नियमावली स्वार्थ पूर्ति गर्ने, नीतिगत भ्रस्टाचारको माध्यम हुनु
४. Project Manager लाई जिम्मेवारी मात्र दिने तर अधिकार नदिनु
५. म्याद थप जस्ता कुरा Construction Manager लाई जिम्मा नदिई राजनीतिक व्यक्ति लाई जिम्मा दिनु
६. Variation Order जस्तो कुरा एकदमै जटिल बनाउनु
७. २०६३ सालमा खरिद ऐन समय सापेक्ष परिबर्तन नहुनु
८. जिल्ला दररेट र बजार मूल्य बीच तालमेल नहुनु
९. जटिल ठुला आयोजना देखि साना कार्यक्रम समेत को लागि एकै ऐन मा रही काम गर्नुपर्ने बाध्यता
१०. समयमै बजेट को निकासा नहुनु
११. सडकको अधिकार क्षेत्रको विषयमा समुदायबाट बिबाद झिकिनु
१२. बिभिन्न निकायहरु बीच कार्यगत तालमेल नहुनु
१३. निर्माण ब्यबसायी ले कार्य गर्दा लापरबाही गर्नु
१४. कर्मचारी र कार्यालय को लापरबाही हुनु
१५. बजारमा निर्माण सामाग्री,बस्तुहरु को दरमा अचानक परिबर्तन हुनु जस्तै: मुल्यबृद्धि
१६. बजेट को सुनिस्चितता बिना नै आयोजना अगाडी बढाउनु
१७. दक्ष जनशक्ति को अभाब हुनु
१८. भौगोलिक,स्थानीय ,प्राकृतिक कठिनाई हुनु
१९. बिकास निर्माण मा सहभागी हुने प्राबिधिक,प्रशासनिक कर्मचारी र अन्य व्यक्ति हरु लाई बेला बेला पर्याप्त मात्रा मा तालिम को ब्यबस्ता नहुनु
२०. कर्मचारीतन्त्र र राजनीतिज्ञ बीच आयोजना को सुरुवाती चरण देखि समापन हुदा सम्म सहकार्य को अभाब हुनु

**अनुसूची-१ पूर्वाधार बिकास  शाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण**

| क्र स | कर्मचारी को नामथर | पद | जिम्मेवारी | सम्पर्क न |
|---|---|---|---|---|
| १ | टंकर रोकाया | इन्जिनियर | शाखा प्रमुख, पूर्वाधार बिकास तथा बाताबरण ब्यबस्थापन शाखा | ९८६८२५२४२४ |
| २ | रमेश भण्डारी | इन्जिनियर | उप शाखा प्रमुख, भवन तथा बस्ति बिकास उपशाखा | ९८४९२१५२१४ |
| ३ | गणेशमान चौधरी | सब- इन्जिनियर | वडा न ३ प्राबिधिक | ९८४१८८३८४५ |
| ४ | हरि अधिकारी | सब- इन्जिनियर | वडा न ५  प्राबिधिक | ९८६८५७२०५६ |
| ५ | खगेन्द्र बढुवाल | सब- इन्जिनियर | वडा न ४  प्राबिधिक | ९८४५५२८०७९ |
| ६ | भूमिराज घिमिरे | असिस्टेन्ट सब- इन्जिनियर | वडा न ६  प्राबिधिक | ९८४८०६६४९१ |
| ७ | दिपेन्द्र लौछात कुसुम्या थारु | असिस्टेन्ट सब- इन्जिनियर | वडा न १  प्राबिधिक | ९८४२६६९३१४ |
| ८ | बृज चौधरी | असिस्टेन्ट सब- इन्जिनियर | वडा न २  प्राबिधिक | ९८५८०४९९२२ |
| ९ | शिखर चौधरी | असिस्टेन्ट सब- इन्जिनियर | भवन तथा बस्ती बिकास उपशाखा  प्राबिधिक | ९८६५६६०७९४८ |
| १० | रमेश बजगाईं | खा प स टे/ असिस्टेन्ट सब- इन्जिनियर | सडक तथा पूर्वाधार बिकास उपशाखा  प्राबिधिक | ९८४८०६६४९१ |
| ११ | खगेन्द्र आचार्य | अमिन | अमिन , भवन तथा बस्ती बिकास उपशाखा | ९८६४९६९५४८ |
| १२ | राम बाबु कार्की | सरसफाई बाताबरण निरीक्षक | बाताबरण, सरसफाई तथा विपद ब्यबस्थापन उपशाखा | |
| | | | | |

**अनुसूची-२ पूर्वाधार बिकास शाखाबाट गरिएका कार्यहरु तथा स्थलगत निरीक्षण अनुगमनका तस्विरहर**



गेरुवा गा पा वडा न २ एकप्रिय राठोर मा बि मा निर्माणाधीन सभाहल



गेरुवा गा पा वडा न ४ सरस्वती आ बि जोधिपुर मा निर्माणाधीन ४ कोठे बिद्यालय भवन




गेरुवा गा पा वडा न ४ बिन्द्रा मा निर्माण गरिएको मन्दिर



गेरुवा गा पा वडा न ५ र ६ (सोनाहाफाट-स्याउलिबज़ार ) जोड्ने निर्माणाधीन पुल




गेरुवा गा पा दारा खरिद गरिएका केहि ल्याब टेस्ट सामाग्रीहरु



गेरुवा गा पा वडा न ६ लाहोरपुर् स्थित उपभोक्ता समिति दारा निर्माणधीन  ग्राबेल बाटो



गेरुवा गा पा वडा न १ मिलनचोक बात बिहानिबजार, कानपुर, वडा कार्यालय तर्फ जाने सडक कालोपत्रे



गेरुवा गा पा वडा न ६ लाहोरपुर स्थित् थापा राइस मिल देखि मैनापोखर कालोपत्रे सडक खण्ड मा अबस्थित निर्माणधीन कल्भर्ट



गेरुवा गा पा वडा न १ बिहानिबजार स्थित निर्माणाधीन कालोपत्रे सडक



गेरुवा गा पा वडा न १ मा निर्माणाधीन तारजाली



अनुगमन का क्रममा लिईएका फोटो



**निर्माण ब्यबसायी संग योजना सम्बन्धि छलफल**






गेरुवा गा पा वडा न ५ पशुपति मा बि मा निर्माणधीन ४ कोठे बिधालय भवन




गेरुवा गा पा वडा न ५ पशुपतिनगर मा उपभोक्ता समिति दारा निर्मित मन्दिर





प्राबिधिक हरु दारा नापजाच गरि MB तयार हुदै



गेरुवा गा पा कार्यालय मा निर्माण गरिएको मूल गेट



गेरुवा गा पा वडा न ६ पर्सेनीस्थित ने रा गणेश मा बि को निर्माणधीन ४ कोठे भवन



गेरुवा गा पा का बिभिन्न स्थान हरु मा निर्माण गरिएका उच्च मचान हरु



गेरुवा गा पा वडा न ६ लोहारपुरमा निर्माण गरिएको पक्कि कुलो



गेरुवा गा पा वडा न ६ लाहोरपुर मैला नाला मा निर्माण गरिएको तटबन्द



गेरुवा गा पा वडा न ६ थापा राईस मिल नजिक निर्माणधीन सामुदायिक भवन



गेरुवा गा पा वडा न ६ गुप्तिपुरमा  निर्माणधीन मन्दिर



गेरुवा गा पा वडा न ६ मनाउ कुलोको मुहान नजिक निर्माणधीन थारु देबथान



गेरुवा गा पा वडा न ३ शान्तिबजार नजिक निर्माण गरिएको खेलकुद स्टेज



गेरुवा गा पा वडा न ३ बनकट्टी देखि सनकट्टी जाने बाटो मा निर्माण गरिएको पक्कि कुलो



गेरुवा गा पा वडा न ३ शान्तिबजार-बालुवाटार सडक कालोपत्रे



गेरुवा गा पा वडा न २ मा निर्माण गरिएको सेफ सेल्टर हाउस



गेरुवा गा पा उपाध्यक्ष तथा अनुगमन समिति संयोजक ज्यु बाट योजनाको बिषयमा जानकारी लिदै



गेरुवा गा पा वडा न ३ शान्तिबजारस्थित निर्माणधिंन सडक को बिबाद समाधानको लागि पहल गर्दै





गेरुवा गा पा वडा न ५ र ६ जोड्ने सोनाहाफाटा-स्याउलिबजार पुलको उद्घाटन हुदै







बड्घर,चौकीदार,कुलापानी चौधरी,महिला स्वयम सेविका,महिला संजाल,समुदाय स्तिरीय विपद् व्यवस्थापन समिति र जन प्रतिनिधि लागी बाढीको पुर्व तयारी सम्बन्धित क्षमता अभिबृद्धी तालिका तस्विरहरु ।













Conduct the activities of Strengthen cluster coordination mechanism for Municipality level (7 clusters).




Mr. Navaraj Adhikari,Head of education branch,giving his opining about the education cluster on pre-disaster preparedness.




Facilitator by Mr.Mahesh Chandra Gautam for the strenghthen coordination mechanism on Health and WASH cluster.







**आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र** को बारेमा सरोकारवाला निकायहरू संग छलफल गर्दै







संरक्षण तथा सूरक्षा क्षेत्रको कार्यशाला गोष्ठीमा सरोकार समितीका (संरक्षण तथा सूरक्षा क्षेत्रको) काम कर्तब्य र जिम्मेवारीको बिषयमा बर्दिया रेड्क्रस सोसाइटीका विपद् प्रशिक्षक महेश चन्द गौतम सर।













Training on ITA to IMO, LDMC ward chairs Muncipality staffs and task team.


Samsung Quad Camera
Shot by imshprk
















Some pictures of refresher drill/simulation on floods. Simulation facilitator by dictrict Red cross society,Bardiya member/DRR expert Mr.Mahesh Chandra Gautam & Krishna Timelsena.



समूह १

पूर्व सुचना प्रणाली

* ६ दिने → गतिविधि → विपत व्यवस्थापन समितिको बैठक
→ कार्य विभाजन (जिम्मेवारी सहित)
→ समन्वय (वडा, टोल, जिल्ला, आपतकालिन सेन्टर, सम्पूर्ण सुरक्षा निकाय रेडक्रस, NGO/INGO CDMC, Communication Channel, अन्य सबै सरोकारवाला निकायहरु, Media, FM Radio, साइरन, हाते माइक, झण्डा, SMC...
→ अनुगमन समितिको गठन तथा पुर्नगठन
→ विषयगत शाखाहरुलाई सक्रिय बनाउने, गेज रिडर स्थिसापानी समन्वय

→ जिम्मेवार निकाय :- गाउँपालिका, सबै प्रकारका सुरक्षा निकाय, सम्पूर्ण वडा कार्यालय, CDMC, Redcross, Communication Channel, खोज तथा उद्धार दल, प्राथमिक उपचार टोली, महिला स्वयंम सेविका LEOC, बडघर तथा चौकीदार, विषयगत शाखाहरु, WDMC, जि० प्रशासन कार्यालय


→ सहयोगी निकाय :- स्थानिय सरकार, Redcross, सुरक्षा निकाय, NGO/INGO (विपतसँग सरोकारवाला), LEOC, WDMC, जिल्ला प्रशासन कार्यालय, Media, विषयगत शाखाहरु

→ बजेट :- संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार, NGO/INGO

* ३ दिने → गतिविधि → विपत व्यवस्थापन समितिको बैठक
→ जिम्मेवारी बाँडफाँड (कार्य विभाजन)
→ समन्वय (वडा, जिल्ला, टोल, समुदाय, सुरक्षा निकाय, NGO/INGO/CDMC, Communication Channel, अन्य सबै सरोकारवाला निकाय, Media (FM, Radio, Televesion, Facebook Page, विभिन्न प्रकारका Website हरु, अनुगमन समितिलाई सक्रिय, विषयगत शाखा लाई सक्रिय

→ जिम्मेवार निकाय :- स्थानिय सरकार, Task Team, CDMC, Redcross, Communication media, खोज तथा उद्धार टोली, प्राथमिक उपचार टोली, महिला स्वयंम सेविका, LEOC, बडघर तथा चौकिदार, विषयगत शाखाहरु, WDMC, जिल्ला प्रशासन कार्यालय, Media, विषयगत शाखाहरुलाई सक्रिय गराउने र जिम्मेवारी दिने

→ बजेट : संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार, NGO/INGO



* १ दिने → गतिविधि → जिम्मेवारी बाँडफाँड (आपतकालिन)
→ सरोकारवाला व्यक्ति तथा संघसंस्थालाई, समुदाय, वडाहरुलाई विभिन्न माध्यमबाट Media को प्रयोगगरी सुचनालाई प्रवाह गर्ने।
→ साइरन बजाउने, हाते माइकद्वारा जानकारी तत्काल गराउने,
→ झण्डा द्वारा जानकारी गराउने,
→ बडघर तथा चौकिदारलाई टोलमा तत्काल जानकारी गर्न लगाउने।
→ सुरक्षित ठाउँमा गई आ-आफ्नो महत्वपूर्ण सामग्री सहित जाने भनि तत्काल समुदाय स्तरमा जानकारी गराउने।
→ खोलाको नजिक नजाने सुचना प्रवाह गर्ने।

→ जिम्मेवारी निकाय :- स्थानिय सरकार, Task Team, सुरक्षा निकाय, Redcross, स्थानिय सरोकारवाला (वडा, टोल समिति) सबै Media, CDMC, WDMC, Communication Channel, सबै सुरक्षा निकायहरु, LEOC

→ सहयोगी निकाय :- स्थानिय सरकार, Task Team, सुरक्षा निकाय, Redcross, स्थानिय सरोकारवाला सम्पूर्ण।

→ बजेट : स्थानिय सरकार, Redcross, NGO/INGOs



पूर्व सुचना प्रणाली